# सुपरमाई हाईड्रोपावर लि.

सुपरमाई हाईड्रोपावर परियोजना ७.८ MW.ईलाम

प.सं. आ.व २०८१।८२

मिति : २०८२।१२।०१

च.नं.SMH/८२/८३- १२१

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषय : एघारौं वार्षिक साधारणसभाको निर्णय तथा काम कारवाही सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सुपरमाई हाईड्रोपावर लिमिटेडको संचालक समितिको निर्णय बमोजिम आ.व २०८१/८२ को लागि आव्हान भएको कम्पनीको एघारौं साधारण सभा मिति २०८२/११/१७ गते आईतबार सम्पन्न भैसकेकोले साधारण सभाको निर्णय तथा कामकारवाहीको विवरण तंहाको जानकारीको लागि पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न :**

१. एघारौं साधारणसभाको निर्णय तथा कामकारवाहीको विवरण ।
२. वार्षिक विवरण १ थान ।

भवदीय,

..........................
रवि पौडेल
कम्पनी सचिव
मोबाईल नं.९८५७०२९८२९

**बोधार्थ :**
१. श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ।

# सुपरमाई हाईड्रोपावर लिमिटेड

## एघारौं वार्षिक साधारण सभा

## निर्णय तथा काम कारवाही विवरण

**स्थान : लिसरा रिसेप्सन्स् प्रा.लि., नक्साल, काठमाडौं**

मिति: २०८२।११।१७ गते (तद्नुसार ०1 March २०२६), आईतबार

# सुपरमाई हाईड्रोपावर लिमिटेड

**का.म.न.पा-३०, ज्ञानेश्वर , काठमाडौं**

**एघारौं वार्षिक साधारण सभाको काम कार्वाही तथा निर्णयहरु**

**क. पृष्ठभुमि:**

यस सुपरमाई हाईड्रोपावर लिमिटेडको एघारौं वार्षिक साधारण सभा मिति २०८२।११।१७ गते (तद्नुसार मार्च ०१, २०२६) आईतबारको दिन विहानको १०.०० बजे लिसरा सिसेप्सन्स् प्रा. लि., नक्साल, काठमाडौंमा संचालक समितिका अध्यक्ष श्री बुद्धि बहादुर थापा ज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष तथा सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु, नियमन निकायका प्रतिनिधिहरु तथा आमन्त्रित सबै महानुभावहरुको आसनग्रहण पश्चात् अध्यक्ष ज्यूको अनुमति लिई कम्पनी सचिवले एघारौं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

**(१) सभा सम्बन्धी सुचना र प्रकाशन:**

कम्पनी ऐन २०६३ को दफा ७६ उपदफा (१) र दफा ६७ उप- दफा (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि छलफल हुने प्रस्तावहरुको सुचीहरु सहित एघारौं वार्षिक साधारण सभा बस्ने सुचना मिति २०८२।१०।२५ गते आईतबार प्रथम पटक आर्थिक अभियान राष्ट्रिय दैनिक र मिति २०८२।११।०२ गते शनिबार दोश्रो पटक मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । एघारौं वार्षिक साधारण सभामा नियमन निकाय श्री कम्पनी रजिष्ट्रार कार्यालयको प्रतिनिधि समेतको उपस्थिति रहेको थियो ।

**(२) सभाको विषय सुची:**

एघारौं वार्षिक साधारण सभामा छलफलका विषयसुचीहरु निम्न अनुसार रहेको थियो :

**एघारौं वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**१. सामान्य प्रस्तावहरु:**

१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

१.२ आ.व. २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।

१.३ कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२।८३ को लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (साबिक कै लेखापरीक्षक श्री सुजन एस. एण्ड एशोसिएट्स चार्टड एकाउण्टेन्टस्लाई साबिक कै पारिश्रमिकमा पुनः लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरिएको)

१.४ संचालक समितिबाट मनोनित गरि रिक्त संचालक पदमा नियुक्ति गरिएका संचालकहरुको अनुमोदन गर्ने सम्बन्धमा ।

सुपरमाई हाईड्रोपावर लिमिटेड

१.५ संचालक समितिले सिफारिस गरे बमोजिम रु.५९,२७,९७७८९ (उन्साठी लाख सत्ताईस हजार नौं सय सतहत्तर र पैसा उनानब्बे मात्र कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

**२. विशेष प्रस्तावहरुः**

२.१ संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पुँजीको २० प्रतिशत अर्थात १०७०००० कित्ता शेयर प्रति कित्ता रु.१०० का दरले कुल रु.१०,७०,००,०००/-(अक्षरुपी दश करोड सत्तरी लाख मात्र) बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

२.२ कम्पनीको चुक्ता पुँजीको १ : १ हकप्रद शेयर निस्काशन गर्ने सम्बन्धमा ।

२.३ कम्पनीको पुंजीको संरचना परिवर्तन गर्ने र सोही बमोजीम प्रबन्ध पत्रको दफा ६(क) (ख) (ग) संशोधन गर्ने सम्बन्धमा ।

२.४ पुँजीको संरचना परिवर्तन गर्न र बोनस तथा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा नियमक निकायहरुबाट कुनै पनि किसिमको सुझाब वा निर्देशन प्राप्त भएमा सो अनुसार संशोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**३. विविधः**

(३) उपस्थितिः

(अ) **संचालक समितिः**

| | | | |
|---|---|---|---|
| १. | श्री बुद्धि बहादुर थापा | – | अध्यक्ष |
| २. | श्री दिवश लाल मास्के | – | संचालक |
| ३. | श्री शिवराज जोशी | – | संचालक |
| ४. | श्री दिनेश कुमार बर्तौला | – | संचालक |
| ५. | श्री तारा बहादुर कार्की | – | संचालक |
| ६. | श्री उत्तम पौडेल | – | संचालक |
| ७. | श्री दिप्ती साह | – | संचालक |
| ८. | श्री रवि पौडेल | – | कम्पनी सचिव |

(आ) **व्यवस्थापन तथा पदाधिकारीः**

| | |
|---|---|
| १. श्री रवि पौडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री सन्तोष कुमार सिंह | प्रमुख लेखापाल/वित्त |

(इ) **शेयरधनीहरुः**

साधारण सभामा कुल शेयर संख्या ५३,५०,००० (त्रिपन्न लाख पचास हजार) कित्ता मध्ये ७६.०८ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

(ख) **गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

जम्मा शेयर संख्या ५३,५०,००० (त्रिपन्न लाख पचास हजार) कित्ता मध्ये ४०,७०,२८० (चालिस लाख सत्तरी हजार दुई सय असि मात्र) कित्ताको प्रतिनिधित्व हुने गरी उपस्थिति रहेको थियो जुन कूल

सुपरमाई हाईड्रोपावर लिमिटेड

शेयरसंख्याको ७६.०८ प्रतिशत हुने भएकोले कम्पनी ऐन २०६३ दफा ७३ बमोजिम गणपुरक संख्या पुगेको थियो ।

(ग) **सभाको बैधानिकता :**

कम्पनीको एघारौं वार्षिक साधारण सभाको लागि सभा रितपुर्वक बोलाईएको र कम्पनी ऐन दफा ७३ बमोजिम गणपुरक संख्या पुगेको देखिएकोले कम्पनी ऐन दफा ६९ बमोजिम सभा वैधानिकता भएको घोषणा गरी कम्पनी सचिवलाई सभाको काम कारवाही अगाडि बढाउन अध्यक्ष ज्यूले अनुमति दिनु भयो।

(घ) **सभाको अध्यक्षता र आशन ग्रहण:**

कम्पनी ऐन २०६३ दफा ७४(१) र यस सुपरमाई हाईड्रोपावर लिमिटेडको नियमावली दफा १९(१) बमोजिम कम्पनी सचिवले कार्यक्रम संचालन गर्नको लागि संचालक समितिका अध्यक्ष श्री बुद्धि बहादुर थापालाई सभाको अध्यक्षता ग्रहण गरिदिन हुन अनुरोध गर्नुभयो र वहाँले सभा अध्यक्षको आशन ग्रहण गर्नुभयो । साथै संचालक तथा अतिथिहरुले पनि क्रमश: आशन ग्रहण गर्नुभयो ।

(ङ) **सभाको औपचारिक उद्घाटन:**

सभाका औपचारिक उद्घाटनका लागि कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नुभए बमोजिम सभा अध्यक्षले सभाको औपचारिक उद्घाटन गर्नुभयो ।

(च) **राष्ट्रिय गान:**

सभाका औपचारिक उद्घाटनसँगै राष्ट्रप्रतिको उच्च सम्मान स्वरुप उपस्थित सम्पुर्ण महानुभावहरु राष्ट्रियगानमा सहभागी हुनुभयो ।

(छ) **स्वागत मन्तव्य:**

सभामा उपस्थित सम्पुर्ण संचालकहरु, शेयरधनीहरु, नियमन निकायकम प्रतिनिधि तथा अन्य उपस्थित अतिथि महानुभावहरुलाई कम्पनीको बारेमा संक्षेपमा जानकारी गराउदैं कम्पनीको निमन्त्रणालाई स्वीकार गरि आफ्नो व्यस्त समयको बाबजुत कार्यक्रमलाई भब्य र सभ्य रुपमा सफल पार्नको लागि उपस्थित हुनु भएका सम्पुर्ण शेयरधनी महानुभावहरु तथा अतिथिगणहरुलाई शब्दद्धारा स्वागत गर्दै सभाको गरिमा बढाईदिनु भएकोमा हार्दिक आभार व्यक्त गर्नुभयो ।

(ज) **अध्यक्षज्यूको वार्षिक प्रतिवेदन:**

कम्पनीको तर्फबाट आर्थिक वर्ष २०८१।८२ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्न कम्पनी सचिवले सभाका अध्यक्ष ज्यूलाई अनुरोध गर्नुभयो र सोही बमोजिम अध्यक्षले सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूले आफ्नो प्रतिवेदन प्रस्तुतिको क्रममा आफ्नो मन्तव्य दिदैं कम्पनीले हालसम्म गरेको प्रगति र कम्पनीमा भए गरेका चुनौतीको चर्चा गर्नुभयो । सो पश्चात् अध्यक्ष ज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तीय विवरणहरु लगाएतका

सुपरमाई हाईड्रोपावर लिमिटेड

प्रस्तावहरुको सुचीमा समाबेश भएका विषयहरुमा छलफल गरी आवश्यक राय सुझाव तथा जिज्ञासा राख्न शेयरधनीहरुलाई अनुरोध गर्नु भयो ।

तत्पश्चात् देहाय बमोजिमका शेयरधनीहरुले निम्न वमोजिम आफ्नो मन्तय तथा राय सुझावहरु व्यक्त गर्नु भयो ।
क) शेयरधनी श्री सुदिप श्रेष्ठले सभामा आफ्नो मन्तव्य राख्नुभयो । उहाँले कम्पनीको प्रगति तथा राम्रो वोनस प्रतिफलका लागि कम्पनीलाई धन्यबाट ब्यक्त गर्नु भयो ।

ख) शेयरधनी श्री इन्द्र प्रसाद लामिछानेले आफ्नो भनाई राख्दै कम्पनीको प्रति शेयर आम्दानी राम्रो रहेको र सबै ठुला साना शेयरधनीले कम्पनीलाई सधै माया गर्नुपर्ने र साधारण सभा समयमा नै गर्ने सुझाव ब्यक्त गर्नु भयो ।

ग) शेयरधनी श्री शत्रुघन श्रेष्ठले कम्पनीको सबल पक्षका बारेमा बोल्दै नियमित रुपमा वितरण गर्ने लाभांश प्रतिफलको प्रशंसा गर्नु भयो साथै ३ महिना भित्रमा हकप्रद शेयर निष्काशन गर्न सुझाब दिनु भयो । जलवायु परिवर्तनले जलविद्युतमा हुन सक्ने जोखिम न्युनीकरणका बारेमा अध्ययन गर्न सुझाव दिनु भयो ।

घ) शेयरधनी श्री गोविन्द बहादुर केसीले कम्पनीको राम्रो पक्षहरुको बारेमा बोल्दै लाभांश बारेमा खुसी ब्यक्त गर्नु भयो ।

ङ) शेयरधनी श्री बैजनाथ रौनियारले शुभकामना दिदैं छिटो भन्दा छिटो हकप्रद शेयर वितरण गर्न सुझाब गर्नु भयो । साथै हाल सम्म कम्पनीले वितरण गरेको ८१.२९ प्रतिशत वोनसका लागि खुसी ब्यक्त गर्नु भयो ।

च) शेयरधनी श्री निरुपमा गुप्ताले बम्पर वोनस भन्दै आफ्ना खुशी ब्यक्त गर्नु भयो । कम्पनीले निष्काशन गर्न लागेको हकप्रद शेयर स्वागतयोग्य रहेको बताउनु भयो । हकप्रदबाट प्राप्त रकमबाट ऋण तिर्न र नाफामुलक क्षेत्रमा लगानी गर्न सुझाव दिनु भयो साथै श्रब्य दृश्य देखाउन र साधारण पेपरमा वित्तीय विवरण बचाउन सुझाव दिनु भयो ।

छ) शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठले कम्पनीका बारेमा बोल्दै संचालकहरुको क्रम योग्यताका बारेमा सुझाव दिदैं शुभकामना ब्यक्त गर्नु भयो ।

ज) शेयरधनी श्री शेखर सिटौलाले कम्पनीको वित्तीय विवरणको प्रशंसा गर्दै अवार्डको लागि आवेदन दिन आग्रह गर्नु भयो । साथै प्रतिवेदनमा उल्लेख नोक्सान र अन्य आम्दानीका बिषयमा प्रष्ट बुझ्ने गरि उल्लेख गरिदिनु हुन सुझाव दिनु भयो ।

सुपरमाई हाईड्रोपावर लिमिटेड

अन्य शेयरधनीहरुले सभामा थप सम्बोधन गर्नु भएन । तत्पश्चात् कम्पनी सचिवले शेयरधनीहरुबाट उठेको जिज्ञासाहरुलाई सम्बोधन गरिदिन कम्पनीका अध्यक्षज्युलाई अनुरोध गर्नुभयो। अध्यक्षज्युले सभामा प्रस्तुत वार्षिक प्रतिवेदन तथा वित्तीय विवरणहरुको सन्दर्भमा शेयरधनीहरुबाट प्राप्त भएका राय सुझाव तथा प्रतिकृयालाई सम्बोधन गर्ने गरी आगामी वर्षहरुमा वार्षिक प्रतिवेदन पेश गर्ने धारणा राख्नुभयो । त्यसपछि अध्यक्ष ज्युको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषय सुचीमा उल्लेख भएबमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नुभयो ।

(झ) <u>निर्णयहरु :</u>

१. **सामान्य प्रस्तावहरु:**

१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सभाबाट सर्वसम्मत रुपमा पारित भयो ।

१.२ आ.व. २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण संलग्न सुचीहरु सहितमा छलफल गरी सभाबाट सर्वसम्मत रुपमा पारित भयो ।

१.३ लेखापरीक्षक श्री सुजन एस. एण्ड एशोसिएट्स चार्टड एकाउण्टेन्टस्लाई साबिक कै पारिश्रमिक रु.१२५,०००/-(एक लाख पच्चिस हजार मु.अ.कर बाहेक) पारिश्रमिक दिने गरी आ.व.२०८२।८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताब सभाबाट सर्वसम्मत रुपमा पारित भयो ।

१.४ संचालक समितिबाट मनोनित गरि रिक्त संचालक पदमा नियुक्ति गरिएका संचालकहरु क्रमश:
संचालक श्री दिनेश कुमार बर्तौला ज्यू
संचालक श्री तारा बहादुर कार्की ज्यू
संचालक श्री उत्तम पौडेल ज्यू
संचालक श्री दीप्ती साह ज्यू लाई बाँकी कार्यकालका लागि यस सभाबाट अनुमोदन पारित गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

१.५ संचालक समितिले सिफारिस गरे बमोजिम रु.५९,२७,९७७८९ (उन्साठी लाख सत्ताईस हजार नौं सय सतहत्तर र पैसा उनानब्बे मात्र कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

२. **विशेष प्रस्तावहरु:**

२.१ संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पुँजीको २० प्रतिशत अर्थात १०७०००० कित्ता शेयर प्रति कित्ता रु.१०० का दरले कुल रु.१०,७०,००,०००/-(अक्षरुपी दश करोड सत्तरी लाख मात्र) बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

२.२ कम्पनीको चुक्ता पुँजीको १ : १ हकप्रद शेयर निस्काशन गर्ने प्रस्ताव उपर छलफल गरी सभाबाट सर्वसम्मत रुपमा पारित भयो ।

सुपरमाई हाईड्रोपावर लिमिटेड

२.३ यस कम्पनीको पुंजीको संरचना परिवर्तन गर्ने र सोही वमोजीम हाल भइरहेको प्रबन्ध पत्रको दफा ६(क) (ख) (ग) मा तपसील बमोजिम संशोधन गरी संशोधित दफा तथा नियमको १/१ प्रति मस्यौदा तयार गर्ने र उक्त संशोधित संलग्न **"अनुसुची-क"** बमोजिमको दफा तथा नियम स्वीकृत तथा अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा पठाउने गरी प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

६(क) कम्पनीको अधिकृत पुँजी रु। १,२८,४०,००,०००।-
(रु एक अरब अठ्ठाईस करोड चालिस लाख) मात्र हुनेछ । सो पुँजीलाई रु १०० का दरले १२८४०००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पुँजी रु. १,२८,४०,००,०००।- (रु एक अरब अठ्ठाईस करोड चालिस लाख) मात्र हुनेछ ।

६(ग) कम्पनीको चुक्ता गर्ने शेयर पुँजी रु.१,२८,४०,००,०००।- (रु एक अरब अठ्ठाईस करोड चालिस लाख) मात्र हुनेछ ।

२.४ पुँजीको संरचना परिवर्तन गर्न, बोनस तथा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा नियमक निकायहरुबाट कुनै पनि किसिमको सुझाब वा निर्देशन प्राप्त भएमा सो अनुसार संशोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

३. <u>विविध:</u>
साधारण सभामा प्रस्तुत विषयसुची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा विविध अन्तर्गत छलफल गर्नुपर्ने अन्य विषयहरु बाँकी नभएकोले कम्पनी सचिवले एघारौं वार्षिक साधारण सभाको विषयसुचीहरु माथिको छलफल अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्ष ज्यूलाई अनुरोध गर्नुभयो ।

अध्यक्ष ज्यूले कम्पनीको एघारौं वार्षिक साधारण सभामा सहभागी भई सभा सफलतापुर्वक सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु महानुभावहरु, संचालकहरु, नियमन निकायका प्रतिनिधि ज्यूहरु, पत्रकारज्यूहरु, प्रमुख कार्यकारी अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरु तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्बद्ध सबैलाई धन्यबाद ज्ञापन गर्नुभयो । अध्यक्ष ज्यूले संचालक समिति तथा व्यबस्थापन प्रति शेयरधनीहरुबाट देखाएको बिश्वास सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै एघारौं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।
सो साधारण सभा साँझ विहान ११.२० बजे बिसर्जन भएको थियो ।

............................
(बुद्धि बहादुर थापा)
अध्यक्ष

सुपरमाई हाईड्रोपावर लिमिटेड

............................
(रवि पौडेल)
कम्पनी सचिव

अनुसुची -क

## सुपरमाई हाईड्रोपावर लिमिटेड
## प्रबन्धपत्रमा गर्नुपर्ने संशोधनको ३ महले विवरण :

| सि.नं | साबिकको व्यवस्था | | संशोधन गर्नुपर्ने | | कारण |
|---|---|---|---|---|---|
| | दफा | कायम रहेको | दफा | कायम हुनुपर्ने | |
| १. | ६(क) | कम्पनीको अधिकृत पुँजी रु ५३,५०,००,०००।- (रु त्रिपन्न करोड पचास लाख) मात्र हुनेछ । सो पुँजीलाई रु १०० का दरले ५३,५०,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | ६(क) | कम्पनीको अधिकृत पुँजी रु। १,२८,४०,००,०००।- (रु एक अरब अठ्ठाईस करोड चालिस लाख) मात्र हुनेछ । सो पुँजीलाई रु १०० का दरले १२८४०००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनस शेयर वितरण तथा हकप्रद निश्कासन गर्न संचालक समितिबाट निर्णय भई प्रस्ताव भएकोले |
| २. | ६(ख) | कम्पनीको जारी शेयर पुँजी रु ५३,५०,००,०००।- (रु त्रिपन्न करोड पचास लाख) मात्र हुनेछ । | ६(ख) | कम्पनीले तत्काल जारी गर्ने शेयर पुँजी रु. १,२८,४०,००,०००।- (रु एक अरब अठ्ठाईस करोड चालिस लाख) मात्र हुनेछ | |
| ३. | ६(ग) | कम्पनीका संस्थापकहरु तथा सर्वसाधारण सहित चुक्ता गर्ने शेयर पुँजी रु ५३ करोड ५० लाख हुनेछ । | ६(ग) | कम्पनीको चुक्ता गर्ने शेयर पुँजी रु.१,२८,४०,००,०००।- (रु एक अरब अठ्ठाईस करोड चालिस लाख) मात्र हुनेछ | |

सुपरमाई हाईड्रोपावर लिमिटेड